त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
परीक्षा नियन्त्रण कार्यालय
OFFICE OF THE CONTROLLER OF EXAMINATIONS

Balkhu, Kathmandu, Nepal
Tel: 977-5302727, 5377585
web: www.tuexam.edu.np
बल्खु, काठमाडौं, नेपाल।
फोन : ५३०२७२७, ५३७७५८५

पत्र संख्या :
Reference No :

मिति/Date: २०८१/१२/३१

# सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा प्रदान गरिने सेवाहरुको लागि सेवाग्राहीले परीक्षा नियन्त्रण कार्यालयमै आउनु पर्ने अवस्थालाई न्यूनीकरण गर्न गत वर्षदेखि नै Online सेवा संचालन गरिएकोमा प्राविधिक कारणले गर्दा निरन्तरता दिन नसकेको अवस्था सबै सामु छर्लङ्ग छ । उक्त समस्या समाधानको लागि त्रिभुवन विश्वविद्यालयले आफ्नै पद्धति तयार गरी Online सेवा कार्यान्वयनको अवस्थामा पुगेको जानकारी गराउँदै सम्पूर्णमा नव वर्ष २०८२ को मंगलमय शुभकामना सहित २०८२ बैशाख २ गते प्रात: ११:०० बजेदेखि ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेटको आवेदनको लागि Online सेवा संचालन हुने जानकारी गराउँदछु । अन्य सेवाहरु क्रमश: लागू गर्दै लैजाने योजना अनुसार २०८२ साल जेष्ठ १५ गतेदेखि त्रि.वि.प.नि.का.बल्खुबाट दिइने सम्पूर्ण सेवाहरु Online बाट संचालन गरिनेछ । Online फाराम भर्न **student.tuexam.edu.np** मा login गरी दिइएको निर्देशन अनुसार फाराम भरी तोकिएको शुल्क संलग्न बैंकमा **Connect IPS** मार्फत मात्र Online बाट भुक्तानी गरी submit गर्नु पर्नेछ । यसको लागि प्रारम्भिक चरणमा रजिष्ट्रेशन कार्डमा उल्लेख भए बमोजिम मार्कसीटहरुमा एकरुपता भए सोही अनुसार गर्ने अन्यथा correction option मा गई सच्याएर submit गर्नु पर्नेछ । Online वितरण गरिएका मार्कसीट बाहेक सो भन्दा पूर्व वितरण गरिएका पहेंलो सक्कल मार्कसीटमा फरक पर्न गए Application ID को Slip, पहेंलो सक्कल र्माकसीटहरु, सक्कल प्रवेशपत्रहरु र रजिष्ट्रेशन कार्डको प्रतिलिपि तोकिएको गोप्य शाखामा बुझाउनु पर्नेछ । यसरी फाराम Online माध्यमबाट submit गरेपछि प्राप्त निर्देशन अनुसार ट्रान्सक्रिप्ट संकलन गर्न हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । विभिन्न सीमाहरु भएतापनि परीक्षा नियन्त्रण कार्यालय, बल्खुको Online सेवा निरन्तरताको लागि सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछु । विस्तृत जानकारीको लागि संलग्न Student Portal Manual हेर्न हुन समेत सूचित गरिन्छ ।

(पुष्प राज जोशी)
परीक्षा नियन्त्रक

Email: tuexam@tribhuvan-university.edu.np

Scanned with CamScanner